# सर्केगाड गाउँपालिकाको
# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

## गाउँसभाको १६ औँ अधिवेशन (वर्षे)
## मिति: २०८२/०३/१०

# सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरू,**

**राष्ट्र सेवक कर्मचारीहरू,**

सर्केगाड गाउँपालिकाको गरिमामय गाउँसभाको १६ औँ अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी साथीहरु साथै हाम्रो निमन्त्रणालाइ स्वीकार गरेर यस गाउँसभालाइ सफल र गाउँसभाको गरिमालाइ उच्च बनाउन पाल्नु हुने सबै पेशा वर्ग सेवा समुहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म जन निर्वाचित अध्यक्ष तथा गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत तथा आभार व्यक्त गर्न चाहन्छु

नेपालको संविधान बमोजिम हामी यस गाउँसभामा निर्वाचित भएर आएको तीन वर्ष पूरा भई चौथो वर्षमा प्रवेश गरेका छौँ। हामीले निर्वाचनका क्रममा सर्केगाड गाउँपालिकाको समुन्नति र समृद्धिका लागि गरेका प्रतिबद्धताहरु क्रमश: पूरा गर्ने क्रममा रहेका छौँ। सोही क्रममा सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न यस गरिमामय सभामा उपस्थित भएको जानकारी गराउन चाहन्छु। सर्केगाड गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गरिरहँदाको यो क्षणमा मुलुकको लोकतान्त्रिक व्यवस्थाको स्थापना र संस्थागत गर्न भएका ऐतिहासिक आन्दोलन तथा कर्णाली प्रदेश स्थापनाका लागि ज्यान आहुति दिने सम्पुर्ण शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको लोकतान्त्रिक व्यवस्थाको स्थापना र सबलीकरणका लागि भएका तमाम आन्दोलनका घाइते तथा अपांगता भएका वीर वीरांगनाहरुलाई पनि स्मरण गर्दै बेपत्ता घाइते अपाङ्गता भएका एवम विभिन्न आन्दोलनमा नेतृत्व गर्नुहुने सबैप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

हुम्ला जिल्लाको मध्येभागमा अवस्थित यस सर्केगाड गाउँपालिकाले विकासका थुप्रै सम्भावनाहरु बोकेको छ। गर्मी बेँसीदेखि हिमालसम्मको सबै प्रकारको हावापानी सहितको प्राकृतिक विशेषताहरु बोकेको यस गाउँपालिकामा कृषि पर्यटन व्यवसायलाई नमुनाको रुपमा विकास गरी समग्र गाउँपालिकाको आर्थिक सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनीय योगदान हुने सम्भावना रहेको छ। कर्णाली प्रदेशकै विशेष महत्वको मार्ग कर्णाली करिडोरमा पर्ने यस गाउँपालिका महत्वपूर्ण व्यापारिक क्षेत्रको रुपमा समेत रहेको छ। विविधतायुक्त धार्मिक साँस्कृतिक एवम पर्यटकीय सम्भावना बोकेको क्षेत्रको विकासको माध्यमबाट गाउँपालिकामा पर्यटन आर्थिक सामाजिक तथा पूर्वाधार विकास गर्न सकिने प्रबल सम्भावना रहेको छ। हामीसँग प्रशस्त श्रोत साधन हुँदाहुँदै पनि यसको दिगो समुचित परिचालनको अभावमा अपेक्षित सामाजिक तथा आर्थिक विकास गर्न सकिएको छैन यद्यपी उपलब्ध साधन श्रोतको प्रभावकारी उपयोग गर्दै सकारात्मक सोंच दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ अघि बढेमा हामीले कल्पना गरेको समृद्ध सर्केगाड निर्माणका लागि सुदूर भविष्य पर्खनु पर्ने छैन ।

हामी सबै जानकार छौँ हाम्रा आवश्यकता चाहनाहरु असिमित छन्, तर साधन श्रोतहरु सिमित रहेका छन् सिमित साधन श्रोतको न्यायोचित वितरण तथा अधिकतम प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाइ सम्बोधन गर्न भरमग्दुर प्रयास गरिने छ। सिमित साधन श्रोतलाइ विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समुदायको अधिकतम जनसहभागिता अभिवृद्धि सहकार्य सामुहिक प्रवर्द्धन र साझेदारीमा विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने टड्कारो आवश्यकता र अहिलेको यथार्थ हो।

**गाउँसभाका सदस्य ज्यूहरू**,

सम्पूर्ण गाउँपालिकाबासीको विकास तथा समृद्धिको चाहनालाई प्राथमिकतामा राख्दै निर्वाचनका क्रममा हाम्रा मतदाताहरु समक्ष गरेका प्रतिवद्धताहरू पूरा गर्ने उदेश्यले आगामी आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई यहाँ प्रस्तुत गरेको छु। सर्केगाड गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना समेत निर्माण भइसकेको अवस्थामा यस नीति तथा कार्यक्रममार्फत दीगो विकासका राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै जलवायु तथा विपद् उत्थानशील पूर्वाधार निर्माणसहित स्थानीय स्रोतको पहिचान तथा उपलब्ध स्रोत, साधनको अधिकतम उपयोग गर्दै समावेशी, दिगो र फराकिलो स्थानीय अर्थतन्त्रको विकास गर्न आर्थिक-सामाजिक विकासका विभिन्न क्षेत्रको समानुपातिक विकास मार्फत समुन्नत सर्केगाडको लक्ष्य हासिल गर्न सार्वजनिक, निजी र साझेदारीमा अभिवृद्धि गर्ने नीति लिइनेछ। यस गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना (२०८०/०८१-२०८४/०८५) ले विकास र समुन्नतिका तमाम लक्ष्य हासिल गर्न **"कृषि, पर्यटन, वन र पहँचयुक्त पूर्वाधारः शिक्षा, स्वास्थ्य र समावेशी दिगो विकास समुन्नत सर्केगाडको आधार"** भन्ने नारा तय गरेको छ। सोही योजनाले निर्दिष्ट गरेको सोच, लक्ष्य तथा उद्देश्य पूरा गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित हुनेछ।

**गाउँसभाका सदस्य ज्यूहरू**,

अब म यस सर्केगाड गाउँपालिकामा आर्थिक-सामाजिक विकास तथा समृद्धिको लक्ष्य हासिल गर्न उपलब्ध अवसर र चुनौतीहरूको समीक्षा प्रस्तुत गर्दछु।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपश्चात् स्थापना भएका स्थानीय तहहरुले अपेक्षित आत्मनिर्भरता हासिल गर्न नसक्दा स्थानीय सरकारहरु संघीय र प्रादेशिक स्तरबाट हस्तान्तरित भई आउने विभिन्न अनुदानमा निर्भर रहनुपरेको छ। यसबाट सर्केगाड गाउँपालिका पनि अछुतो छैन। सिमित आन्तरिक राजश्व स्रोत र बढ्दो खर्च आवश्यकता विचको गहिरो असन्तुलनलका कारण संघीय र प्रदेश सरकारबाट हस्तान्तरण भई आउने अनुदान पर्याप्त नभएको अवस्था छ। जसले गर्दा हामीले भौतिक पूर्वाधार तथा सामाजिक क्षेत्रमा स्वतन्त्र र दीगो स्थानीय अर्थतन्त्रको विकास गर्ने दिशामा सफलता हासिल गर्न चुनौतीपूर्ण देखिनु स्वाभाविक हो। सर्केगाड गाउँपालिका हुम्ला जिल्लाकै सर्वाधिक जनसंख्या भएको गाउँपालिका हो। जनसंख्याको जिविकोपार्जन, शिक्षा, स्वास्थ्य, सुरक्षा लगायत अधिकारहरु सुनिश्चित गर्ने

दिशामा हाम्रो लगानी पर्याप्त नभएकोले स्थानीय स्रोत, ज्ञान सिप, क्षमता तथा उत्पादनको सुदृढीकरण हाम्रो प्रमुख प्राथमिकताको विषय बनेको छ।

यसका अतिरिक्त, सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा जनमुखी बनाउन गाउँपालिका अन्तर्गतका कार्यालयहरु तथा सार्वजनिक सेवा केन्द्रहरुको भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन र संस्थागत क्षमतामा विधमान कमजोरीहरुलाई सम्बोधन गरी गुणस्तरीय, प्रभावकारी, सुशासनयुक्त सार्वाजनिक सेवा प्रवाह सुनिश्चित गर्नु वर्तमान सन्दर्भमा हाम्रो महत्वपुर्ण जिम्मेवारी र प्रमुख चुनौतीका रुपमा रहेको छ।

विद्यमान अवसरहरूः

विकास र समृद्धिको सपना पूरा गर्ने सन्दर्भमा हाम्रा सामू देहायबमोजिमका अवसरहरू रहेका देखिन्छन् ।

१. नेपालको संविधान बमोजिम अधिकारसम्पन्न तथा अविच्छिन्न उत्तराधिकारयुक्त स्थानीय सरकार स्थापना भई २२ एकल अधिकारसहित अन्य संघीय एकाईहरुसँगको साझा अधिकारहरुको स्पष्ट व्यवस्था हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तथा आवधिक योजना तर्जुमाको अधिकार प्रयोग गरी गाउँपालिकाले पर्याप्त नीति, ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गर्नु ।
३. राष्ट्रिय सडक सञ्जालसँग प्रत्यक्ष स्थापना भई कनेक्टिभिटीका कारण विकास गतिविधिका लागि उचित वातावरण सिर्जना हुनु ।
४. सर्केगाड गाउँपालिका भौगोलिक तथा सांस्कृतिक विविधतामा धनि हुनु।
५. गाउँपालिकामा आर्थिक र शैक्षिक रुपले क्रियाशील जनसंख्याको उच्च उपलब्धता हुनु।
६. गाउँपालिकामा जल जमिन तथा जङ्गल स्रोत पर्याप्त हुनु ।
७. गाउँपालिकाका प्राय सबै वडामा कृषि विविधीकरण तथा जडिबुटी खेतिको सम्भावना धैरै हुनु। ।
८. ग्रामीण आँखा उपचार केन्द्रलगायतका स्वास्थ्य केन्द्रको स्थापना भएसँगै यस गाउँपालिकाका नागरिकको स्वास्थ्य सेवामा पहुँच पुग्नु ।
९. विद्युत उत्पादन र इन्टरनेट सेवाको विस्तारका कारण सार्वजनिक सेवाको प्रविधिकरणको अवसर फराकिलो हुनु र नागरिकमा सूचना तथा सञ्चारको पहुँच पुग्नु ।
१०. गाउँपालिकामा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति हुँदै जाँदा सार्वजनिक सेवा प्रवाह गर्न सहज वातावरण बन्नु ।
१. गाउँपालिकाको प्रोफाइल, पिरियडिक प्लान, सडक गुरुयोजना, पर्यटन गुरुयोजना तथा परियोजना बैँकको स्थापनाबाट SDG लक्ष प्राप्त गर्न सहयोग भएको । सर्केगाड गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा गाउँपालिकाको प्रोफाइल तयार भइसकेको छ । साथै

गाउँपालिकाले स्थानीय अनुकूलन योजना (LAPA) समेत तयार गरिसकेको छ भने विपद् प्रतिकार्य योजना, परियोजना बैंक, सर्केगाड गाउँपालिकाको पर्यटन विकास गुरुयोजना तयारीको चरणमा रहेको छ।

२. सर्केगाड गाउँपालिकाको सडक गुरुयोजना तयार भइसकेको छ।

३. सर्केगाड गाउँपालिको आधारभूत तहहरूमा स्थानीय पाठ्यक्रम तयार भई लागु भई लागु भइसकेको छ भने पाठ्यपुस्तक तयारीको क्रममा रहेको छ।

४. संघीय सरकारको आर्थिक सहयोगमा गाउँपालिकाको गौरवको योजनाको रूपमा १५ शैयाको अस्पताल निर्माणाधिन रहेको छ भने वडा नं. ६ छयाँगीमा वैकल्पिक ऊर्जा र कर्णाली प्रदेश सरकारसँगको लागत साझेदारीमा छयाँगी माइक्रो हाइड्रो निर्माणका लागि ठेक्का सम्झौता भई निर्माणको चरणमा रहेको छ।

५. स्थानीय कृषि उपज संकलन, निकासी, निर्यात प्रवर्द्धन तथा बजारीकरणका लागि सर्केगाडमा कृषि उपज संकलन केन्द्र ( Agriculture Produce Collection Centre) निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई सम्बन्धित निकायमा बजेटका लागि प्रस्ताव पेश गरिएको छ।

## विद्यमान चुनौतीहरू:

विकास तथा समृद्धिको लक्ष्य हासिल गर्ने सन्दर्भमा हाम्रा सामू प्रशस्त अवसरका साथसाथै चुनौतीहरू पनि छन्। हाम्रा नीति, कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा देहाय बमोजिमका चुनौतीहरू छन्:

१. सर्केगाड गाउँपालिकाका सबै वडाहरु एक अर्कासँग जोड्ने सडक सञ्जाल निर्माण गरी गाउँपालिकाका सबै मानव बस्तीहरुमा यातायात सुविधा पुर्याउनु।

२. किसानलाई समयमा गुणस्तरीय बिउ बिजन तथा कृषि सामग्री उपलब्ध गराई कृषि पकेट क्षेत्र पहिचान तथा प्रवर्द्धन गरी कृषिलाई व्यावसायिकीकरण गर्नु।

३. स्थानीय रोजगारीका क्षेत्रलाई विविधीकरण गर्न प्राविधिक तथा सिपमूलक शिक्षामार्फत दक्ष र गुणस्तरीय श्रमशक्तिको विकास गर्नु।

४. स्वास्थ्य, शिक्षा  जस्ता आधारभूत सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्नु।

५. सबै नागरिकको पहुँचमा स्वच्छ खानेपानी तथा गुणस्तरीय सरसफाई सेवाको बिस्तार गर्नु।

६. गाउँपालिकामा रहेका साँस्कृतिक सम्पदाहरु संरक्षण गरी तिनलाई जनजीविकासँग जोड्नु।

७. भौगर्भिक अध्ययन गरी मानव बस्ती तथा उत्पादनयुक्त क्षेत्रलाई बाढी पहिरो, भूकम्प लगायतका विपद् उत्थानशील बस्ती तथा पूर्वाधारको दीगो व्यवस्थापन गर्नु।

८. वन तथा वनजन्य स्रोतको दिगो व्यवस्थापन गर्नु।

९. जलवायु परिवर्तनका नकारात्मक प्रभावबाट बच्न समुदायलाई जलवायु उत्थानशील जीवन पद्धतितर्फ उन्मुख गराउने विकास योजना तर्जुमा गरी लागू गर्नु।

१०. दीगो विद्युत तथा सञ्चार सेवालाई सर्वसुलभ  बनाउनु।

**गाउँसभा अध्यक्ष ज्यू,**

**गाउँसभा सदस्य ज्यूहरू,**

**अब म यस सम्मानित सभामा चालू आर्थिक वर्षमा को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्न चाहन्छु ।**

- गाउँपालिकाभित्रका विभिन्न शाखाहरुमा रिक्त रहेका विभिन्न सेवा समुहका स्वीकृत दरबन्दीका कर्मचारी नियुक्तिका लागि कर्णाली प्रदेश लोक सेवा आयोगमा माग आकृति भरी पठाइएको र सोही बमोजिम पदपूर्ति भएको छ।
- गाउँपालिकाको विधायन व्यवस्थापन समितिको सिफारिस बमोजिम हालसम्म १०७ वटा कानून तर्जुमा भइसकेकोमा चालु आर्थिक वर्षमा ३ वटा ऐन तथा ४ कार्यविधि तर्जुमा भएका छन् ।
- गत आर्थिक वर्ष ०८०/०८१ देखि प्रविधिमैत्री पूर्वाधार र क्षमता अभिवृद्धिमार्फत शिक्षाको गुणस्तर सुधार परियोजना कार्यान्वयनमा रहेको छ र सोही परियोजना अन्तर्गत चालु आर्थिक वर्षमा गाउँपालिकाभित्रका विभिन्न १६ विद्यालय घेरबार निर्माण कार्य भइरहेको छ ।
- सबै वडालाइ गाउँपालिका केन्द्रसँग सडक सञ्जालले जोड्ने गाउँपालिकाको नीति अनुरुप यस आर्थिक वर्षमा वडा नं. १ जैरमा सडक सञ्जाल जोड्नका लागि प्रदेश सरकारसँगको लागत साझेदारीमा सडक निर्माणका लागि बोलपत्र आह्वान भइ सडक निर्माणको चरणमा रहेको छ । त्यसैगरी सडक सञ्जाल विस्तार गर्न खच्चा देखि जैर जाने सडक, पानीमूलदेखि सागुडा सम्म सडक स्तरोन्नती, राहदेवदेखि दुधेदह पर्यटकिय क्षेत्र जाने सडक स्तरोन्नती, मुण्डी नागडा सडक स्तरोन्नति, गोठी भदाली सडक स्तरोन्नति कार्य अन्तिम चरणमा पुगेको छ भने पाँगादेखि मार्गोर पर्यटकिय पदमार्ग निर्माण, इल्लादेखि कमन्द हुदै न्यारीसम्म पर्यटकिय पदमार्ग निर्माण तलि नाउला देखि तातोपानी तपन जाने पदमार्ग निर्माण कार्य सम्पन्न भइसकेको छ ।
- गाउँपालिकाको कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि विभिन्न ५ वटा सिचाइ निर्माण सम्पन्न भइसकेको छ ।
- सामाजिक विकासतर्पफ सामुदायिक स्वास्थ्य इकाइ, वर्थिङ सेन्टर, विद्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने सरसफाइ प्रवर्द्धनका लागि वडा नं. ५ मा नाला निर्माण कार्य भइरहेको छ ।
- त्यसै गरी स्वास्थ्यतर्फ सर्केगाड गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्ने कार्य सम्पन्न भएको छ भने तिलगंगा आँखा अस्पतालको समन्वय तथा सहजिकरणमा निःशुल्क आखा शिविर सञ्चालन गरिएको छ ।
- गाउँपालिकाका सबै बस्ती तथा टोलहरुमा आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध गराउन चालु आर्थिक वर्षमा विभिन्न ८ वटा खानेपानी आयोजना सञ्चालन भएका छन भने सम्पूर्ण

आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।साथै गाउँपालिकाको उच्च मध्यमस्तरको खानेपानी सेवाको उपलब्ध गराइ खानेपानीको दिगोपनाको लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता परियोजनाको सहयोग तथा समन्वयमा गाउँपालिकाको Wash Plan अध्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ ।

- स्थानीय जनताको चेतनास्तर अभिवृद्धि गर्न सरसफाइ प्रवर्द्धन गर्नका लागि दिगो खानेपानी सरसफाइ तथा स्वच्छता परियोजनामार्पत विभिन्न तालिम क्षमता अभिवृद्धि तथा परिचालनका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- गाउँपालिकाभित्र दक्ष सिकर्मी तथा डकर्मी उत्पादन गर्नका लागि रोजगार सेवा केन्द्रबाट तालिम कार्यक्रम सञ्चालन गरी ४० जनालाइ सिपयुक्त बनाउने कार्य सम्पन्न भएको छ ।
- गाउँपालिकालाइ सञ्चार तथा सूचना प्रविधिसँग जोड्ने उद्देश्यले गाउँपालिकाका आठै वडा कार्यालय तथा ६ वटा स्वास्थ्य चौकीहरुमा इन्टरनेट जडान कार्य सम्पन्न भएको छ यसबाट वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुबाट प्रवाह हुने अनलाइन सेवा तथा सूचना व्यवस्थापन प्रणालीमा थप टेवा पुगेको छ ।
- सर्केगाड गाउँपालिकालाइ विद्युतिकरण गर्नका लागि वडा नं. ६ छयाँगीमा संघ तथा प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा छयाँगी माइक्रो हाइड्रोको ठेक्का सम्झौता भइ निर्माणको चरणमा रहेको छ।
- सर्केगाड गाउँपालिकाको भवन रहेको जग्गा गाउँपालिकाको नाममा नामसारीको कार्य सम्पन्न भइसकेको छ साथै शहरी विकास मन्त्रालयको आर्थिक सहयोगमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि बजेट विनियोजन भइ ठेक्का आह्वानको चरणमा रहेको छ ।
- सर्केगाड गाउँपालिका अन्तर्गतका विद्यालयका लागि आधारभूत तहसम्म कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तयार भइ लागु भइसकेको छ भने पाठ्यपुस्तक निर्माणको चरणमा रहेको छ ।
- गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा व्यवस्थापन शिक्षक विद्यार्थी अनुपात मिलान लगायतका कार्यका लागि विद्यालय मर्ज दरबन्दी मिलान तथा ग्रेड डाउन कार्यको सुरुवात गरिएको छ ।
- वातावरण तथा विपद व्यवस्थापन तर्फ विपद व्यवस्थापन समितिको बैठक नियमित गरिएको छ भने गाउँपालिकाभित्रका विभिन्न ६ वटा जोखिमयुक्त स्थानमा तटबन्धन निर्माणको कार्य सम्पन्न भएको छ । त्यसै गरी सर्केगाड गाउँपालिका वडा नं. ७ र वडा नं. ३ मा आगलागी पीडितहरुको लागि राहत सामग्री प्रदान गरिएको छ ।

- सर्केगाड गाउँपालिका वडा नं. ७ मा  ढिस्कोमा पुरिएर १ जनाको मृत्यु भएको र ३ जनाको हेलिकप्टरमार्फत उद्धार उपचार गरिएको छ।
- गर्भवती सुत्केरी आमाहरुको लागि निःशुल्क तथा अन्य सिकिस्तै बिरामीहरुको लागि सहुलियत एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको छ।
- न्युनतम सेवा मापदण्ड अनुसार सर्केगाड गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा अत्यावश्यक स्वास्थ्य सेवा व्यवस्थापन गरिएको छ।
- गाउँपालिकाभित्रका कृषि फर्म, कृषि समुह तथा अगुवा कृषकहरु, महिला स्वास्थ्य स्वयम सेविका होटेल व्यवसायीहरुलाइ रैथाने बाली प्रवर्द्धन तथा पोषणयुक्त खाद्य उपयोगसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको छ भने निःशुल्क कृषि बिउ बिजन वितरण गरिएको छ।
- चालु आर्थिक वर्ष ०८१/०८२ मा तीनै तहको सरकारद्वारा बजेट विनियोजित भइ कार्यान्वयन गरिएका अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न भइसकेका छन भने केहि योजनाहरु सम्पन्न हुने अन्तिम चरणमा रहेका छन्।
- अपाङ्गता भएका (बहिरा) विद्यार्थीको पठनपाठन तथा दैनिक व्यवहारमा सहजीकरण गर्नको लागि हुम्ला बहिरा संघमा दोभाषे शिक्षकको नियुक्ति गरिएको छ।
- गाउँपालिका अन्तर्गत रहेको रीप आयुर्वेद औषधालयबाट नागरिक आरोग्य सेवा लगायत गाउँस्तरमा आयुर्वेद उपचार सेवा विस्तार गरिएको छ।
- गाउँपालिका क्षेत्रभित्रका कृषि व्यवसाय प्रवर्द्धन तथा विविधिकरणका लागि वडा कार्यालयको मातहतमा रहने गरी विभिन्न किसिमका कृषि औजार तथा उपकरणहरु वितरण गरिएको छ।
- गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाइ पशुपक्षीमा लाग्ने विभिन्न किसिमका रोग नियन्त्रणका लागि निःशुल्क शिविर सञ्चालन तथा औषधी वितरण गरिएको छ ।
- रैथाने बाली उत्पादन, प्रशोधन, प्रवर्द्धन तथा बजारीकरणका लागि बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

### गाउँ सभाका सदस्य ज्यूहरु,

सर्केगाड गाउँपालिकाको भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक समुन्नतीका लागि समग्र स्रोतसाधनको विवेकसम्मत, वैज्ञानिक तथा समतामूलक वितरण र परिचालन आगामी आ.व. २०८२/०८३ को प्रमुख नीति हुनेछ। सबै विषय क्षेत्रहरुमा सन्तुलित विकास गरी नागरिकको विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा आगामी आ.व.  २०८२/०८३ को बजेटलाई केन्द्रित बनाउन यस नीति तथा कार्यक्रमले दिशा निर्देश गर्छ।

नेपालको संविधानमा व्यवस्था भएका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, स्थानीय शासनसम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरुप स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, संघीय र प्रदेश सरकारको आवधिक योजनाका मूलभूत पक्षहरू र सर्केगाड गाउँपालिकाका नागरिक समाज, विज्ञ र नागरिकसँग विभिन्न समयको सहभागितामूलक संवाद प्रक्रियाबाट यस सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानूनी प्रावधानहरु, सर्केगाड गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना तथा पालिका पार्श्वचित्रसमेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ।

**१. उद्योग तथा पर्यटनसम्बन्धी नीति तथा कार्यक्रम**

१. औद्योगिक तथा ब्यावसायिक प्रबर्धनका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सरलीकरण र प्रभावकारी बनाइनेछ।

३. सम्पूर्ण स्थानीय कच्चापदार्थ उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई विशेष प्रोत्साहत तथा छुटको व्यवस्था गरिनेछ।

४. पर्यटनमार्फत आर्थिक समृद्धि हासिल गर्नका लागि **सर्केगाड गाउँपालिका पर्यटन विकास गुरुयोजनामा तोकिए बमोजिमका क्रियाकलाप** सञ्चालन तथा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

६. गाउँपालिकाभित्रका पर्यटकीयस्थलहरुको प्रचारप्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोशरहरुको वितरण गरिनेछ।

७. अन्तरगाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गर्न पहल गरिने छ।

८. गरिबी निवारणका लागि अनिवार्य न्यूनतम आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि युवावर्गलाई रोजगारी दिन कृषिजन्य, पर्यटनजन्य, वनजन्य, खानीजन्य र पानीजन्य उद्योगको पहिचान र परिचालन गरिनेछ।

९. सर्केगाड गाउँपालिकामा रहेका धार्मिक, साँस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक स्थलहरूको सम्भाव्यता अध्ययन गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ।

## २. कृषि तथा पशुपंक्षीसम्बन्धी नीति तथा कार्यक्रम

१. **"सर्केगाडको अठोट, कृषि पकेट क्षेत्रमा जोड"** भन्ने नारा अनुरुप उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेटक्षेत्रहरु पहिचान गरी सघन कृषिक्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. **"रैथाने खेतिमा बृद्धि, सर्केगाडको समृद्धि"** भन्ने नाराका साथ रैथाने बालीहरुको बिउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

३. **"हुम्लालाई सर्केगाडको भर, कृषिमा आत्मनिर्भर"** भन्ने नाराका साथ कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. **"सर्केगाडको रहर विचौलिया मुक्त शहर"** भन्ने नारा अनुरुप उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिकाभित्र समर्थन मूल्य निर्धारण गरिनेछ।

५. **"कृषि क्षेत्रमा पूर्वाधार, सर्केगाड विकासको आधार"** भन्ने नाराका साथ ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, भण्डार तथा गोदामघरहरुको पूर्वाधार निर्माण गरिनेछ।

६. **“आयातीत बिउ भगाऔं रैथाने बिउ जोगाऔं”** भन्ने नाराका साथ गुणस्तरिय खाध्यान्न बिउ उत्पादन तथा रैथाने बालि संरक्षणकालागि कृषक समुह तथा कृषि सहकारी मार्फत सामुदायिक बीउ बैङ्क स्थापना गर्ने निति अबलम्बन गरिनेछ।

७. **"किसान हाम्रो शान उत्पादनमा अनुदान”** भन्ने नारा अनुरुप कृषि उत्पादन गरेको बस्तुको आधारमा कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराईनेछ।

८. जलवायु अनुकूलन स्मार्ट कृषि ज्ञानपार्क अध्ययन तथा मोडेल विकास गरिनेछ।

९. **"एक गाउँ एक उत्पादनअवधारणा"**मा आधारित कृषि प्रशोधन तथा प्याकेजिङ अर्थ स्वचालित मोडेल विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०. स्थानीय उत्पादनको वजार सुनिस्चित गर्न वजार क्षेत्रमा हाटबजार संचालन गरिनेछ।

११. कृषकलाई उत्पादन र बजारीकरण प्रविधीमा थप ज्ञान तथा सिपको लागि बिषयगत तालिम सन्चालन गरीने छ।

१२. कृषि उत्पादन बढाउन र सवरोजगारी सिर्जना गर्न सबै ठाउँमा सामुहिक जिउलाको खेती तथा फलफूल बगैँचा घेरबार कार्यक्रम सञ्चालन गरिनेछ।

१३. व्यावसायिक गाई, भैसी, याक, चौरी गाई, भेडा पालन कार्यक्रम गरिनेछ।

१४. दुध संकलन, प्रशोधन, दुध जन्य पदार्थ उत्पादन र वितरण कार्यक्रम गरिनेछ।

१५.व्यावसायिक बाख्रा पालन तथा घाँस खेती प्रवर्द्धन कार्यक्रम गरिनेछ।
१६.कृषि एम्बुलेन्स स्थापना खरिद र सञ्चालन गरिनेछ।
१७.कृषि बजार व्यवस्थापनका लागि Agro Mart स्थापना र सञ्चालन कार्यक्रम गरिनेछ।
१८.साना तथा गरिब, मध्यम वर्गीय कृषकहरूमा साना व्यावसायिक कृषकहरूका लागि कृषि औजार तथा उपकरणहरू खरिद तथा वितरण कार्यक्रम गरिनेछ।
१९.व्यावसायिक तरकारी तथा फलफूल खेती सहयोग कार्यक्रम गरिनेछ।
२०.कुखुरा सुँगुर तथा माछा पालन पोखरी निर्माण कार्यक्रम गरिनेछ।
२१.व्यावसायिक कृषि उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
२२.तरकारी उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
२३.व्यावसायिक पशुपंक्षी पालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
२४.मासु संकलन, प्रशोधन बिक्री वितरण केन्द्र स्थापना र सञ्चालन गरिनेछ।
२५.साना सिचाई तथा कृषि सडक निर्माण तथा मर्मत कार्यक्रम गरिनेछ।
२६.व्यावसायिक च्याउ, मौरी, तेलहन, बाली सम्बन्धी तालीम तथा सहयोग कार्यक्रम गरिनेछ।
२७.तरकारी तथा फलफूल बिउ बेर्ना वितरण कार्यक्रम गरिनेछ।
२८.रैथाने बाली संरक्षण र प्रवर्द्धन कार्यक्रम गरिनेछ। जसअनुसार जैरः चिनु र ओखर, तुम्चः धान र केरा, रिपः गहुँ र स्याउ, उनापानीः गुसाको सिमी र स्याउ, दुल्ली, मुन्डी र सायाः तरकारी, खुर्सानी र सुन्तला, गोठीः खुर्सानी र मकै, भुवा,कल्लास र कुतीः गहुँ र स्याउ, बराईः चिनु, मास र स्याउ, छयाँगीः उवा, खुर्सानी र डालेचुक, गिउसीः खुर्सानी र मकै, रोडीकोट, पानीमुल र भीमनगरः धान, मकै र स्याउ, रादेउर फुचाको फापर, सिमी, ओखरलाई सर्केगाडको लोगो सहित ब्रान्डिङ र प्याकेजिङ गरिनेछ।

## ३. श्रम रोजगारी तथा उद्यम विकास सम्बन्धी नीति सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. दीगो रोजगारी सिर्जना तथा उद्यमसिलता प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्दै मिसन रोजगारी अभियान सञ्चालन गरिनेछ। हाल सञ्चालनमा रहेका रोजगारी प्रवर्द्धन सम्बन्धी कार्यक्रमलाइ एकीकृत गर्ने तथा स्थानीय आवश्यकता अनुसार रोजगारी सिर्जना र उद्यमशिलताका नवीन कार्यक्रम सञ्चालनमा जोड दिनुका साथै मिसन रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ।

२. श्रम बजारको माग र उपलब्ध श्रोत र जनशक्ति रोजगार प्रवृत्तिको अध्ययन गरी गाउँपालिकाको रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३. उद्यमशीलता विकास लघु तथा घरेलु उद्योग प्रवर्द्धनका लागि स्थानीय श्रोत सीप र समय अनुकुल लघु तथा घरेलु उद्योग स्टार्टअप र नवप्रवर्तनशील उद्यमलाई प्रवर्द्धन गर्ने व्यवसायको

संवर्द्धन र उद्यमहरूको सुदृढीकरण मार्फत नवप्रवर्तन वित्त र प्रविधिमा पहुँच र बजार विस्तार एवं आम्दानीमा वृद्धि गरिनेछ।

४. पद यात्रा मार्ग पूर्वाधार निर्माण तथा होमस्टे कार्यक्रम सञ्चालन गरिनेछ।

५. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

६. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

७. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसरहरु श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

८. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरिनेछ।

९. प्रत्येक गाउँबस्तीमा सोही गाउँबाट विदेश गएका नागरिक तथा रिटर्नीहरूको सहयोगमा ज्येष्ठ नागरिक दिवा मिलन केन्द्र सञ्चालन गरिनेछ।

१०. नलेज इकोनोमीको आधारशिलाको रूपमा रहेको फाउण्डेसन एजुकेशन प्रवर्द्धन एवं सामुदायिक विद्यालयको स्तरोन्नतीका निमित्त बालबिकास शिक्षाको जग भएकोले सामुदायिक विद्यालयका बालबिकासका कक्षाहरूमा प्रारम्भिक बालबिकास र शिक्षाको पाठ्यक्रम-२०७७ बमोजिम निर्मित तथा नेपाल सरकारद्वारा स्वीकृतश्रव्य दृश्य सहितको पाठ्य सामग्री प्रयोगमा ल्याउन आवश्यक पहल गरिनेछ।

**४. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. एकीकृत पालिका सूचना प्रणाली तथा Digital Palika निर्माणका लागि आवश्यक पहल गरिनेछ।

२. सर्केगाड गाउँपालिकामा एफ. एम. रेडियो स्थापना तथा सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।

३. स्थानीय सञ्चार गृहहरुको स्थापना गर्न प्रोत्साहन गर्दै गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चारसंस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

४. सर्केगाड गाउँपालिका र यसअन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयबाट हुने सेवा प्रवाहलाइ पूर्ण कम्प्यूटराइज्ड र डिजिटलाइज्ड पद्धतिमा रुपान्तरणका लागि आवश्यक व्यवस्था गरिनेछ। पेपरलेस सेवाको अवधारणालाइ कार्यान्वयन गर्दै विद्युतिय शासनमा जोड दिइनेछ।

५. विज्ञापन तथा सूचनामा स्थानीय संचारसंस्थाहरुलाई प्राथमिकता दिइनेछ।

६. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

७. सम्बन्धित सरोकारवाला निकायहरूसँग आवश्यक पहल गरी 4G टावर यथाशीघ्र सञ्चालनमा ल्याइनेछ ।
८. GIS आधारित घर नम्बरिङ तथा ठेगाना प्रणाली कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**५. शिक्षा तथा सामाजिक विकास सम्बन्धी कार्यक्रम**

१. गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा विद्युत तथा उर्जाको निरन्तर उपलब्धतामा जोड दिइनेछ साथै सूचना तथा सञ्चार प्रविधिमैत्री विद्यालय निर्माणका लागि माध्यामिक आधारभूत तथा प्राथमिक तहका विद्यालयहरुलाइ क्रमशः इन्टरनेट सुविधा उपलब्ध गराई प्रविधिमैत्री शिक्षाका लागि आवश्यक व्यवस्था गरिनेछ ।
२. डिजिटल साक्षरताको प्रवर्द्धन, रोजगारी सिर्जना र उद्यमशीलता विकासलाई प्राथमिकता दिँदै "**स्थानीय सरकार आइटी परिवार**" कार्यक्रम सञ्चालन गरिनेछ ।
३. डिजिटल शिक्षण प्रविधिको विस्तार गरी स्मार्ट बोर्ड, स्मार्ट विद्यालय, परियोजना उपकरण, ई-कन्टेन्ट प्रयोग गर्न आवश्यक उपकरण तथा तालिमको व्यवस्था गरिनेछ ।
४. संघीय तथा निजी साझेदारीमा डिजिटल पहुँच सुनिश्चित गरी विद्यार्थीलाई व्यावसायिक Exposure दिने उद्देश्यले विद्यालय-उद्योग सहकार्य कार्यक्रम सञ्चालन गरिनेछ ।
५. शिक्षक डिजिटल क्षमता विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।
६. पुस्तकालयलाई बाल तथा  युवामैत्री डिजिटल अध्ययन केन्द्रका रूपमा रूपान्तरण गर्ने तथा युवा सशक्तीकरण तथा रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
७. नगर युवा उद्यम कार्यक्रम, एक घर एक सिप अभियान, नगर युवा संसद कार्यक्रम सञ्चाल गरिनेछ ।
८. गाउँपालिकाको युवाहरूलाई विश्वविद्यालयमा अध्ययनका लागि पूर्वतयारी अध्ययन कार्यक्रम सञ्चालन गरिनेछ ।
९. पालिकाको युवाहरूका नवीन उद्यम आइडिया विकास, परामर्श, परीक्षण र प्रोटोटाइप निर्माणमा सहयोग र स्वास्थ्य, मानसिक, सशक्तीकरण तथा समावेशिता सम्बन्धी स्टार्टअप आइडिया इनक्युबेशन कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपूस्तक निर्माण गरी लागु गरिनेछ । त्यस्तो पाठ्यपुस्तकमा अतिरिक्त क्रियाकलाप स्थानीय भूगोल प्राकृतिक स्रोत र विविध समुदायका जातिय तथा साँस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।

११. स्थानीय आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शिक्षालाई प्रोत्साहन गरिनेछ ।

१२. गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका लागि दिगो खानेपानी तथा सरसफाइ परियोजना तथा अन्य दातृ निकायसँगको साझेदारीमा खानेपानी सेवा तथा शौचालय निर्माणका लागि आवश्यक पहिल गरिनेछ ।

१३. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

१४. विद्यालयमा स्मार्ट कृषि मोडेल फर्म निर्माण तथा विद्यालय मार्फत प्रविधि विस्तार कार्यक्रम गरिनेछ ।

१५. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माणमा जोड दिइनेछ ।

१६. उच्च शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

१७. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१८. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पूरा गर्न प्रोत्साहनका लागि विकास साझेदारसँगको सहकार्य गरिनेछ ।

१९. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

२०. संस्थागत विद्यालयहरुको सूचकका आधारमा वर्गीकरण गरी व्यावहारिक शुल्क निर्धारण गरी लागु गरिनेछ।

२१. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिनेछ।

२२. कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानलाई यथार्थपरक र व्यवस्थित गरिनेछ ।

२३. शैक्षिक प्रणालीमै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपन, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

२४. सर्केगाडलाई शैक्षिक हव बनाउन हिमज्योती नमुना माध्यमिक विद्यालयलाई प्रविधिमैत्री बनाइनेछ ।

२५. शिक्षाको मूल आधारको रूपमा रहेको बालबिकासको जग मजबुद बनाउन आमा शिक्षा परियोजनाको सुरुवातको लागि आवश्यक पहल गरिनेछ।

**६. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. सर्केगाड गाउँपालिकाको सांस्कृतिक विविधताको संरक्षण पूर्वाधार निर्माणमा बहुसांस्कृतिक पहिचान र मौलिकतालाई प्रवर्द्धन गरिनेछ।

२. गाउँपालिकामा विभिन्न सांस्कृतिक तथा पुरातात्त्विक संग्रहालय निर्माण गर्ने नीति लिइनेछ।

३. विभिन्न जातजातिका मातृभाषाहरुको खोज अनुसन्धान र संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

४. स्थानीय चाडपर्व, मेला, पूजा जस्ता अमूर्त सम्पदाको जगेर्ना र प्रवर्द्धनमा लगानी गरिनेछ।

५. सांस्कृतिक परम्पराका आधारमा हुने भेदभाव तथा छुवाछुत जस्ता विकृतिलाई निरुत्साहित गर्ने नीति लिइनेछ।

६. सर्केगाड बजारमा कला साँस्कृतिक भवन, पालिका संग्रहालय र पुस्तकालय निर्माण गर्न पहल गरिनेछ।

७. साहित्य तथा साँस्कृतिक महोत्सव गर्ने नीति लिइनेछ।

८. भुवो, हरेलो, दशहरा, साउनपुनी, गौरालाई पालिका विशेष चाँडको रूपमा ब्रान्डिङ गरिनेछ तथा लोक भाषा, धर्म, कला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्न साहित्यिक तथा साँस्कृतिक मेला आयोजना गरिनेछ।

**७. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. युवा उद्यमशिलता विकासका कार्यक्रमहरुमार्फत युवालाई स्थानीय स्तरमा उद्यमशील र रोजगार बनाउने नीति लिइनेछ।

४. युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. सर्केगाड गाउँपालिकास्तरीय सर्केगाड बृहत खेलमैदान निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ।

६. कुवाकोटी खेलमैदानको लागि बजेट सिर्जना भएको छ।

७. स्थानीय ज्ञान, सीप तथा प्रविधिमा आधारित उद्यम गर्ने युवा उद्यमीलाई प्रोत्साहन स्वरुप पुरस्कार दिने नीति लिइनेछ।

८. बालबालिकालाई लगानी युवालाई रोजगारी तथा ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षाका लागि विशेष पहल गरिनेछ ।

९. युवाहरूलाई कुनै पनि पेशा व्यवसायमा लाग्न  अभिप्रेरित गरिनेछ ।

**८. लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्र महरु सञ्चालन गरिनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य अधिकार तथा जीवन निर्वाहमा सहायता गर्ने नीति लिइनेछ ।

४. ज्येष्ठ नागरिकको सुरक्षा, संरक्षण, तथा उनीहरुको ज्ञानको सदुपयोग गर्ने वातावरण बनाइनेछ ।

५. **"हिंसामुक्त सर्केगाडको सान, हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसाविरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

७. महिला उद्यमशीलता तथा सिप विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बालक्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१०. बाल विकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

**९. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गरी  रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित बनाइनेछ।

२. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

३. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवाको स्तरोन्नति गर्ने क्रममा प्रयोगशालासहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

४. आर्थिक रुपमा अतिविपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई व्यवस्थित गरिनेछ।

५. गाउँपालिका क्षेत्रभित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

६. महिला स्वयंसेविकाहरुको दक्षता विकासका लागि तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवाविस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८. सर्केगाड बजारमा आयुर्वेद अस्पतालको पूर्वाधार विकास गरी पालिका केन्द्रमा योग तथा प्राकृतिक सञ्चालनका लागि आवश्यक पहल गरिनेछ।

९. गाउँपालिकामा बिभिन्न रोगको पहिचान गरी स्वास्थ्य शिविर सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०. १५ शैय्याको अस्पताल निर्माणाधीन रहेकोले यथाशीघ्र निर्माण गरिनेछ।

१०.**खानेपानी तथा सरसफाई**

१. खानेपानीका पुराना संरचनाहरुको मर्मत गरी सुचारु गर्न ती संरचनाहरुको तथ्यांक अद्यावधिक गरी तिनको मर्मत तथा पुन: सञ्चालन गर्ने नीति लिइनेछ।

२. खानेपानीको समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ।

३. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ। साथै सर्केगाड बजार बृहत खानेपानी योजनाको कार्यान्वयनको लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (सुस्वा) परियोजनासँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

४. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ तथा चर्पी सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (सुस्वा) परियोजनामार्फत कार्यान्वयन गर्ने अख्तियार गरिनेछ।

५. गुणस्तरीय जीवनका लागि आवास, लिस्नो तथा चर्पी सुधार कार्यक्रम कार्यविधि बनाई लागू गरिनेछ। साथै सुरक्षित आवासका लागि एकीकृत बस्ती विस्तार गरेर लिस्नो लाभान्वित घरधुरीसँग पालिकाको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

**११. पूर्वाधार विकास**

- पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ-विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने,समतामूलक विकासको आधारको रूपमा रहने पिछडिएको र कम विकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने पुग्ने गरी **" परियोजना बैंक "**मा समाविष्ट आयोजनाहरुलाइ प्राथमिकताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजनासहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ति विकास भवन ,तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।
- दीर्घकालीन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना बमोजिम सडक निर्माण कार्यलाइ प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइनेछैन।
- विगतदेखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।
- नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवम् सर्केगाड गाउँपालिकाको भवन निर्माण तथा नक्शापास सम्बन्धी कार्यविधि, २०८१ लाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको जग्गा वर्गिकरण गरी सरकारी जग्गा तथा बाँझो जग्गाको लगत संकलन गरी बाँझो जमिनमा कृषि कार्यका लागि प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।
- पालिकाका विभिन्न वडाहरुमा नदी कटान नियन्त्रण गर्न तटबन्धन निर्माण गरिनेछ ।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना पूँजीगत)सम्पति को ( लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोगसम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रसंगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

- राष्ट्रिय प्रशारण लाइन विस्तारको लागि संघीय सरकारबाट ठेक्का सम्झौता भई कार्यान्वयनमा गइसकेकोले उक्त कार्य सम्पन्न गर्नको लागि आवश्यक सहजीकरण गरिनेछ।
- पालिकाको केन्द्र सर्केगाड बजारलाई व्यवस्थित बनाउन शहरी विकास योजना अगाडि बढाउन सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ। साथै अन्य सुरक्षित बस्ती विकासका लागि भूगर्भीय अध्ययनका आधारमा अगाडि बढाइनेछ।

**१२. वातावरण विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन**

- जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिका क्षमता अभिवृद्धि गर्ने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता विकास गर्ने नीति लिइनेछ।
- पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना अन्तर्गत सर्केगाड गाउँपालिकाले वडास्तरीय विपद्जन्य घटनाहरूको तथ्याङ्क संकलन गरिएको, जोखिम क्षेत्रको पहिचान, जोखिम हुनुको कारणहरू अध्ययन गरी सम्भावित विपद्को प्रतिवेदन तयार गर्ने कार्य भइरहेको छ।
- विपद् जन्य प्रकोपको न्यूनीकरणका लागि पहिरो नियन्त्रण, आगलागी नियन्त्रणका लागि अग्नी रेखा र जनचेतनामूलक तालिमहरू, खोला, खान्सी तथा भू-क्षय संरक्षणका कार्यहरू गरिनेछ साथै "**सुरक्षित बस्ती हाम्रो जिम्मेवारी**" अभियान मार्फत विपद् न्यूनीकरणमा जोड दिइनेछ।
- सर्केगाड गाउँपालिकामा पर्यटन गुरुयोजना तयार भइरहेकोले पर्यटकीय क्षेत्रहरूको अध्ययन गरी तीनको महत्त्व, सम्भावना तथा इतिहासलाई लिपिबद्ध गरिएको छ। भेषभुषा, चालचलन रीति रिवाज परम्परालाई प्रचार प्रसार गरी धार्मिक, साँस्कृतिक, जैविक पर्यटकीय गन्तव्यको रूपमा सर्केगाड गाउँपालिकालाई विकास गरिनेछ।
- सर्केगाड गाउँपालिका वडा नं. ३ उनापानी गाउँमा तातोपानी क्षेत्रलाई एकीकृत पर्यटन विकास मार्फत उनापानी तातोपानी संरक्षण केन्द्र, पर्यटकीय पदमार्ग, धर्मशाला निर्माण गरी पर्यापर्यटन मार्फत रोजगारी अभिवृद्धि गरिनेछ।
- फोहोर मैला व्यवस्थापनको लागि फोहोर मैला व्यवस्थापन योजना र बिभिन्न तालिम जनचेतनामूलक गतिविधि अगाडि बढाइनेछ।

- सर्केगाड गाउँपालिकाका बिभिन्न गाउँहरूलाई नमुना गाउँको रूपमा विकास गरी नयाँ सुविधा सम्पन्न गाउँ निर्माण गरिने छ जसको लागि आवश्यक अध्ययन गरिनेछ।
- गाउँपालिकामा रहेका सम्भावित स्रोतहरूको अध्ययन गरी रोजगारी सिर्जना गर्न सकिन्छ जसको लागि गाउँपालिकाको Resources Inventory तयार गरिनेछ।
- समग्र राजश्वको सुधारको लागि सम्भावित राजश्वको क्षेत्रको पहिचान गरी राजश्व सुधार कार्य योजना र सम्पत्ति करको विस्तृत अध्ययन गरिनेछ।
- विकास निर्माण कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदन (IEF/BEIA) तयार गरी वन तथा बस्तीहरूमा जोखिम कम गर्न आवश्यक पहल गरिनेछ।
- Adventure Tourism (Rock Climbing, Banji) को विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ र कार्यक्रम अगाडि बढाइनेछ।
- Home Stay सहितको ग्रामीण बस्ती निर्माण गरी आवश्यक सहयोग गरिनेछ।
- खाली जग्गामा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल,जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा बृद्धि गरिनेछ।
- ताल तथा पोखरी संरक्षण पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल जमिन ,तथा जलाधारको संरक्षण तथा उत्पादनमा बृद्धी गरिनेछ।
- भू-सूचनाप्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन ,जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सोअनुसार विपद् पुर्व तयारी विपद् न्यूनीकरण ,प्रतिकार्य तथा पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ।
- ढुंगा गिट्टि जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- विपद् जोखिम व्यवस्थापन कोष स्थापना गरी उद्धार, राहत तथा पुनर्स्थापना कार्यलाई थप व्यवस्थित गरिनेछ।
- गाउँपालिका विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
- सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरी उचित व्यवस्थापन गरिनेछ।

**१३. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- सर्केगाड गाउँपालिकाको सेवा प्रवाह, विकास क्रियाकलापको व्यवस्थापन लगायत विषयलाई एकीकृत रुपमा गाउँपालिकाको पोर्टलमार्फत सार्वजनिक गरिनेछ।
- गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवासम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्ने संस्थागत प्रणाली निर्माण गरिनेछ।
- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछर्यौट गर्ने कार्य अगाडि बढाईनेछ।
- प्रत्येक महिनाको आय तथा व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।
- प्रहरी सेवाको वैज्ञानिक ढंगले संगठन तथा ब्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरी स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।
- गाउँपालिकाभित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययनगरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।
- संघीय सरकार प्रदेश ,सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तरसमन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- जनप्रशासनको कार्यशैली सरल, समन्वय र सहकार्य गर्न योग्य बनाएर सेवा प्रवाह गरिनेछ तथा सुलभ न्याय सम्पादनका लागि न्याय समितिलाई प्रभावकारी रूपमा क्रियाशील बनाइनेछ।
- पालिकाको बेरूजु घटाउन विशेष पहल गरिनुका साथै राजश्वको दर तथा दायरामा वृद्धि गरिनेछ।
- मानव अधिकारको रक्षा, भ्रष्ट्राचारको नियन्त्रण, शान्ति सुरक्षा र सुशासनका लागि जोड दिइनेछ।

## २.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

प्रस्तुत नीतिलाई पूरा गर्न आगामी आ व २०८२/०८३ मा कार्यान्वियन गरिने केही मुख्य आयोजना देहायबमोजिम छन्:

- प्रविधिमैत्री शैक्षिक पूर्वाधार एवम् क्षमता अभिवृद्धिमार्फत शिक्षाको गुणस्तर सुधार परियोजना
- कृषि विकास जीवनस्तर सुधार सहयोग तथा आयआर्जन विकास कार्यक्रम
- साया देखि बराइ जोड्ने सडक निर्माण
- सर्केगाड बजार खानेपानी आयोजना निर्माण
- जैर सोलार मिनिग्रिड स्थापना
- सिमाली सोलार मिनिग्रिड स्थापना
- छयागी माइक्रो हाइड्रो निर्माण
- सर्केगाड गाउँपालिकाको प्रशासकीय भवन निर्माण
- उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम
- माध्यामिक विद्यालय तथा आधारभूत विद्यालय (१-८ सञ्चालनमा रहेका) हरुमा इन्टरनेट जडान
- वडा नं. २ खडिखेत तथा ४ अन्तर्गतको मुण्डीमा बेलीब्रिज निर्माण
- SIDC सगँको साझेदारीमा मातृ तथा नवशिशू स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन
- सिचाईँ कुलो निर्माण एवं मर्मत
- विद्यालय भवन निर्माण, खेलमैदान घेरबार, फर्निचर मर्मत सम्भार एवं व्यवस्थापन
- मन्दिर माडु निर्माण
- बहुमुखी क्याम्पस अनुदान
- साना सिचाई मर्मत एवं निर्माण
- जैर सडक निर्माण योजना
- सर्केगाड बस पार्क निर्माण
- सर्केगाड पार्क निर्माण
- सर्केगाड डम्पीङ साइट निर्माण
- लिस्नु सुधार कार्यक्रम
- अध्यक्षसँग युवा कार्यक्रम
- बिभिन्न विद्यालय भवन निर्माण
- सामुदायिक भवन निर्माण

- कुवाकोठी, सर्केगाड बृहत खेलमैदान निर्माण
- पर्यटकीय पदमार्ग, पार्क एवं मन्दिर निर्माण
- वडास्तरीय ढल, नाला निर्माण
- व्यावसायिक गाई, भैसी, याक, चौरी गाई, भेडा पालन कार्यक्रम
- दुध संकलन, प्रशोधन, दुध जन्य पदार्थ उत्पादन र वितरण कार्यक्रम
- व्यावसायिक बाख्रा पालन तथा घाँस खेती प्रवर्द्धन कार्यक्रम
- कृषि एम्बुलेन्स स्थापना खरिद र सञ्चालन
- कृषि बजार व्यवस्थापनका लागि Agro Mart स्थापना र सञ्चालन कार्यक्रम
- साना तथा गरिब, मध्यम वर्गीय कृषकहरूमा साना व्यावसायिक कृषकहरूका लागि कृषि औजार तथा उपकरणहरू खरिद तथा वितरण कार्यक्रम
- व्यावसायिक तरकारी तथा फलफूल खेती सहयोग कार्यक्रम
- कुखुरा सुँगुर तथा माछा पालन पोखरी निर्माण कार्यक्रम
- व्यावसायिक कृषि उत्पादन सम्बन्धी तालिम सञ्चालन
- तरकारी उत्पादन सम्बन्धी तालिम सञ्चालन
- व्यावसायिक पशुपंक्षी पालन सम्बन्धी तालिम सञ्चालन
- मासु संकलन, प्रशोधन बिक्री वितरण केन्द्र स्थापना र सञ्चालन
- साना सिचाई तथा कृषि सडक निर्माण तथा मर्मत कार्यक्रम
- व्यावसायिक च्याउ, मौरी, तेलहन, बाली सम्बन्धी तालीम तथा सहयोग कार्यक्रम
- तरकारी तथा फलफूल बिउ बेर्ना वितरण कार्यक्रम
- अध्यक्ष तथा उपाध्यक्षसँग प्र.अ. कार्यक्रम
- अध्यक्ष कप प्रतियोगिता
- अध्यक्ष-उपाध्यक्षसँग उच्च शिक्षाको लागि छात्रवृत्ती कार्यक्रम
- गरिबसँग विश्वेश्वर कार्यक्रम

## २.४ अनुमानित व्यय र स्रोत व्यवस्थापन

गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत परिचालन गर्ने कार्यलाइ पहिलो प्राथमिकता दिनेछ। यसका साथै गाउँपालिकाको न्यून स्रोत पूर्तिका लागि

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हूने सम्पूर्ण प्रकारका सशर्त तथा निशर्त अनुदानहरुलाइ आवश्यकता र प्राथमिकताका आधारमा परिचालन गरिनेछ । यसबाट समेत अपुग हुन आउने श्रोत व्यवस्थापनका लागि संघीय सरकार तथा प्रदेश सरकार तथा विभिन्न दातृ निकायहरु समक्ष अनुरोध गरी श्रोत व्यवस्थापन गरिनेछ ।

**२.५ उपसंहार**

**गाउँसभाका सदस्य ज्यूहरू,**

संविधानद्वारा प्राप्त अधिकारको प्रयोग गर्दै सन्तुलित आर्थिक विकास गरी सर्केगाडलाई एक आत्मनिर्भर र स्थिर स्थानीय अर्थतन्त्रको रुपमा स्थापित गर्नु आजको आवश्यकता हो । सामाजिक कुरीतिहरुको निर्मूल पारी समतामूलक र सभ्य सामाजिक-सांस्कृतिक व्यवस्थाको जगलाई बलियो बनाउने जिम्मेवारी हामी सबैको हो । खास गरी जनताको नजिकको सरकारको रुपमा सर्केगाड गाउँपालिकाको यो सभाले आत्मनिर्भर अर्थतन्त्र, सुरक्षित र सभ्य समाज, मर्यादित सांस्कृतिक परम्पराको अभ्यास, वातावरणमैत्री विकास, जलवायु तथा विपद उत्थानशील समुदाय निर्माणका लागि आगामी आ.व. ०८२/०८३ को यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको प्रतिज्ञा गरौँ । विकास आजका लागि मात्र होइन, सधैँका लागि अनि शासन केहीका लागि मात्र होइन, सबैका लागि हो । यसै मन्त्रलाई आत्मसात गरी नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रतिबद्ध रहेको पुन:स्मरण गराउँदै सम्पूर्ण सर्केगाड गाउँपालिकावासीलाई सुशासनको प्रत्याभूति गराउन योजनाबद्ध प्रयासहरुको विगत र वर्तमानमा जस्तै भविष्यमा समेत जारी रहने दृढता व्यक्त गर्दछौ ।

**अन्त्यमा,**

गाउँसभामा प्रस्तुत यो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा सल्लाह र सुझाव दिई योगदान गर्नुहुने गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्षज्यूहरू, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरू, निजी, सहकारी क्षेत्र र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, विकास साझेदार, सञ्चारकर्मीहरु लगायत सम्पूर्ण गाउँपालिका निवासी आमा बुवा, दिदीबहिनी दाजुभाई सबैलाई हार्दिक धन्यवाद प्रकट गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल तथा प्रभावकारी कार्यान्वयनको लागि आवश्यक साथ, समर्थन र सहयोगका लागि सबैसामू हार्दिक अपिल गर्दछु ।

**धन्यवाद ।**

***ठान बहादुर रोकाया***

***अध्यक्ष***